
# एच.आई.भी. संघर्ष


## संक्रमित महिलाको आत्म कथा



शक्ति मिलन समाज
सुकेधारा, काठमडौं, नेपाल

# एच.आई.भी. संघर्ष

## संक्रमित महिलाको आत्म कथा



**शक्ति मिलन समाज**

सुकेधारा, काठमडौं, नेपाल

एच.आई.भी.

# संघर्ष

संक्रमित महिलाको आत्म कथा

सम्पादन : गोकुल सुवेदी

प्रथम संस्करण : २०६८ मंसिर

सर्वाधिकार : प्रकाशक

प्रकाशक : शक्ति मिलन समाज
सुकेधारा, काठमाडौं, नेपाल

ले-आउट/डिजाइन : जगदिश आचार्य

मुद्रण : ................................
काठमाडौं, नेपाल

मूल्य रू. :

# विषय सूची

**हामी खुशी थियौं**
भीम कुमारी गुरूङ

**मृत्यु अंगालेर जन्मेकी मेरी कान्छी छोरी**
जयन्ती बुढा

**बाढी जस्तो मेरो जीवन**
लक्ष्मी तामाङ्ग

**जीवनको लागी संघर्ष**
शोभा बोहोरा

**देशको राजधानीमा शोषित हुँदा**
चाँदनी जोशी

**तिरस्कृत महिलाको संरक्षक शक्ति मिलन**
अम्बीका नेपाली

**आज सम्मको मेरो यात्रा**
दयावती सेढाइ

**घर फर्किने टिकट**
मिना थापा विरही

**कहिले आँसु, कहिले हाँसो**
चन्द्रा वि. क.

**मेरो बा आइपुग्नु भएकै थिएन**
नानीछोरी धेके

**गरिबीको उपहार**
सीता सापकोटा

**मेरो बुझाई**
विशाल राई

# संस्था परिचय

नेपाली समाजमा शहरका केहि महिलालाई नगन्ने हो भने महिला हुनुको अर्थ श्रोतमाथि पहुँच नहुनु तथा शिक्षा, स्वास्थ्य र अन्य आधारभूत आवश्यकताबाट वञ्चित हुनु हो । त्यस्तै नेपाली समाजमा महिला भएर जन्मनु नै हिसांको पहिलो आधार भएको कुरा प्रष्ट छ । यी नै असामाजिक तत्वहरूले महिला बालविवाह, बहुविवाह, घरेलु हिसां, यौनजन्य यातना, बलात्कार तथा बेचविखन जस्त अमानवीय हिंसाको चपेटामा परेका छन् । यी नै अमानवीय हिंसाले गर्दा आज सोझा–साझा असंख्य महिलाहरू एच.आइ.भी/ एड्सको संक्रमणमा परेका छन् ।

त्यसैगरि रोजगारीको शिलशिलामा विशेषत भारत गएका मानिसहरूले नेपाल फर्केर कम जोखिम व्यवहार गर्ने श्रीमती वा केटी साथीलाई एच.आई.भी सार्नेको तथ्याकं पनि कहाली लाग्दो छ । यस अर्थमा एकातिर विना कसुर एच.आई.भी. सार्नेको र अर्कातिर संक्रमणको कारणले घर, परिवार र समाजबाट अपहेलित र तिरस्कृत भई बाँचिरहेको महिलाहरूको संख्या पनि उच्च छ । यसरी हिसांबाट एच.आई.भी र एच.आई भी हिसांको चपेटामा परेर असुरक्षित तथा कष्टपूर्ण जीवन बाँच्न बाध्य एच.आई.भी संक्रमित महिलाहरू न त राज्यको प्राथमिकतामा परेका छन् न त नेपालको महिला आन्दोलनले नै उनीहरूलाई सम्बोधन गर्न सकेको छ । ढुःख साथ भन्नुपर्दा एच.आई.भी/एड्स विरूद्धका अभियानहरूले समेत संक्रमित महिलाहरूलाई समेट्न तथा सहायेग गर्न सकेको देखिदैन । यसै परिप्रेक्ष्यलाई मनन गर्दै एच.आई.भी. संक्रमित महिलाहरूको हकअधिकारको स्थापना, सामाजिक सुरक्षा तथा समाजले उनीहरूप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याई समाजमा आत्म सम्मानका साथ जीवनयापन गर्नसक्ने वातावरण सृजना गर्ने उद्धेश्यले संक्रमित महिलाहरूको सक्रियतामा सन् २००३ मा "शक्ति मिलन समाज" को स्थापना गरिएको हो । हाल शक्ति मिलन समाजमा देशका विभिन्न जिल्लाका ८० जना एच.आई.भी संक्रमित महिलाहरूले सदस्यता लिएका छन् ।

# ACHIEVEMENTS

- 97 women living with HIV and AIDS have been provided with the membership of Shakti Milan Samaj.
- 468 people living with HIV have been supported through counseling and referral support for treatment.
- More than 200 women have been provided with accommodation, medical and counseling services from our Crisis Care Centre which is being run since 2007.
- 35 children living with HIV have been provided with nutrition support.
- 137 children including both infected and affected by AIDS have received education support and 6 of them have already graduated grade 10.
- 3 women living with HIV and AIDS (members) were provided with education support, 1 of them has already graduated grade 10.
- 24 children have already been involved in child club of children affected by AIDS and they have received trainings like peer education, leadership and child protection etc. They were also trained on preparing wall magazines.
- 21 women living with HIV and AIDS (members) have been provided with vocational training and skill building training.
- 27 WLHA (members) have received seed money for Income Generation support.
- 1 documentary has been shot to highlight the struggle of the women living with HIV and AIDS.
- 40 students have been trained as peer educators
- More than 1284 people have been reached through

orientation sessions, community sensitization and positive thinking training in Kathmandu, Bhaktapur, Lalitpur, Nuwakot and Sindhupalchok.

- More than 2000 people have been reached to sensitize them on HIV/AIDS through campaigns like cultural programmes and street dramas.
- 10 health teachers of different schools from Kathmandu, Lalitpur and Bhaktapur have been provided with an orientation session on HIV and AIDS and peer education.
- Informative materials like annual reports, brochures, pamphlets, poster s etc have been published and distributed to sensitize the people on this killer disease.

# FEW WORD

Chari Maya Tamang

When I was requested to write a few words for Shakti Milan Samaj for this publication, I went back to my past days recalling the moment in the year 1996 when trafficking survivors including myself and some current members of Shakti Milan Samaj were gathered to set up an organization called Shakti Samuha, first South Asian Organization of its kind established by trafficking survivors themselves, to safeguard our rights by creating conducive environment to help lead a dignified life in the society. Realizing the need of a separate organization to address the issues of HIV infected women, a new organization called Shakti Milan Samaj was formed under the presidency of Natisara Rai. Shakti Samuha was involved in the establishment of this organization. This is how Shakti Milan Samaj came into existence at a time when whole society looked down on infected people. In such situation, gathering infected women in a group and empowering them, sensitizing society and demanding rights for a dignified life equal to others was undoubtedly a hard nut to crack. But the courage of infected women was so enormous that they stood and struggled for their human rights. The result is felt today with thousands of community people sensitized, hundreds of infected women and children counseled, saved, and empowered, campaign for the rights of infected women initiated and many more.

I have been a victim of trafficking myself but I didn’t get discouraged by this fact instead I made a vow to combat human trafficking. This contribution of mine and Shakti Samuha was recognized at national and international level. Shakti Milan Samaj has also been established and led by the victims themselves and I wish that their effort to fight against this epidemic will be recognized at national and international level.

With all this, I today feel proud and wish at the same time for better work. I would also like to request all the people, and organizations to support the endeavors carried by Shakti Milan Samaj.

Thank you so much.

……………………………………………

Chari Maya Tamang



*Chari Maya Tamang was awarded The 2011 Hero Acting To End Modern Slavery Award by the US secretary of state, Hillary Rodham Clinton and national honor for her work in 2007 by her country and is currently one of two trafficking survivors serving as members of the government-led National Committee to Combat Human Trafficking.*

# हामी खुशी थियौं

भीम कुमारी गुरूङ

मेरो नाम कमला गुरूङ हो । लम्जुङ्ग जिल्लाको विकट गाउँ भुजुङमा जिवनका २५ बसन्त पार गरेपछि मेरो विवाह यसै जिल्ला वासी बीर बहादुर गुरूङसँग भयो । विवाह पछि उहाँ इण्डिया जानुभयो । उँहा केही समय इन्डियन आर्मि र पछि आर्मिको जागिर छाडी अरू काम गरेर इन्डियामै बस्नु भयो । केहि बर्ष पछि सबै काम छोडेर वहाँ घर फर्कनु भयो । यसमा म ज्यादै खुसी थिएँ । हामी दुबै मिलेर खेतीपाती गर्थ्यौं । हामी खुशी थियौं । श्रीमान् कहिलेकाही विरामी पर्नुहुन्थ्यो । यो क्रम बढ्न थाले पछि वहाँको उपचारका लागि हामी लम्जुङ्ग बजारमा बस्न थाल्यौ । वहाँको बिमारी झन झन बढ्न थाल्यो । भरतपुर क्यान्सर अस्पताल लगेर पनि उपचार गरियो । उपचारमा धेरै पैसा सकियो तर रोग भने पत्ता लागेन । वहाँमा रक्सी र चुरोटको अम्मल पनि थियो । फेरी रोगले च्याप्यो । यस पटक वहाँलाई पोखराको गण्डकी अस्पताल लगीयो । त्यहाँ वहाँ एच.आइ.भी संक्रमित भएको कुरा पत्ता लाग्यो । म कसरी सुरक्षित हुन सक्थे र ? मेरो रगतमा पनि एच.आइ.भी देखियो । उपचारकै क्रममा गण्डकी अस्पतालमा वहाँको मृत्यु भयो । हजारौ महिलाहरु जस्तै मैले पनि श्रीमान बाट एच.आइ.भी संक्रमणको उपहार पाएँ ।

म यो संसारमा एक्ली भए । एच.आइ.भी.ले मेरो सिन्दुर पुछ्यो । घरमा नराम्रो व्यवहार हुनथाल्यो । घरमा बस्न सकिन । माइतीमा बस्न थाले । मेरो बुबा अवकास प्राप्त इण्डियन आर्मी हुनुहुन्थ्यो । हाम्रो परिवार आर्थिक रूपमा सबल थियो । भाईहरु पोखरामा

बसेर पढेका थिए तर मेरो वाल्यकाल भने विद्यालय नगई गुज्रेको थियो । छोरीलाई पढाउनु हुदैन भन्ने मान्यताले मेरो परिवारलाई पनि गाजेको थियो । जीवनको यो मोडमा मैले शिक्षाको महत्व बुझें । पढेको भए मेरो जीवन सहज हुने थियो जस्तो लाग्छ । मेरो परिवारको उच्च सामाजिक हैसियतका कारण मैले गाउँमा खासै नराम्रो व्यवहार खेप्नु परेन । तर पनि भविष्यको चिन्ता र नजिकिदो मृत्युको भयले म जीवन देखी निराश थिएँ । मेरो भाइको साथीको सहयोगमा म शक्ति मिलन समाजको सम्पर्कमा आएँ । शक्ति मिलन समाजको EJAF होस्टेलमा आएर बसैं । यहाँ मैले विभिन्न तालिम, परामर्श र स्वास्थ्य सेवा पाएँ । आफु जस्तै दिदी बहिनीहरु सँग दुःख सुखका कुरा साटासाट गर्न पनि पाएँ । यसै संस्थाको सहयोगमा प्रेरणा भन्ने संस्थामा काम पनि पाएँ । यसरी शक्ति मिलन समाजले मेरो निराश जीवनमा आशाको बीजारोपण गरिदियो । म जीवन प्रति पुनः आशावादी हुन थाले । मेरो आशा पुन धमिलीयो जब म लडेर मेरो खुट्टा भाचियो । मलाई शक्ति मिलन समाज र NAP+N ले साथ दिएको थियो, त्यसपछि मैले केही महिना ल्ब्एंल मा कर्मचारीको रूपमा काम गरें र त्यहींबाट मेरो खुट्टाको अप्रेशनको लागि सहयोग भयो । अप्रेशन पछि शक्ति मिलन समाजको क्राइसिस सेन्टरमा बसेर उपचार गर्नु थाले । खुट्टाको अप्रेशन सफल भयो भनियो तर खुट्टाको समस्या ठिक हुनुको साटो बढ्दै गयो । म फेरी गल्दै गएँ । म हिंडडुल गर्न पनि नसक्ने अवस्थामा पुगें । खुट्टाको हड्डीमा टी.बी. भएछ । म जीवनदेखी थाकिसकेकी थिए । तर शक्ति मिलन समाज कहिल्यै थाकेन, मेरो उपचार गराइ नै रह्यो । फलतः शक्ति मिलन समाज कै पहलमा दोस्रो अप्रेशन पछि बल्ल म आज पूर्ण रूपमा निको भएको छु र हड्डीको टी.बी को उपचार गराइरहेकी छु । रोगबाट छुटकारा पाएपनि जीवनको संघर्षबाट अझ छुटकारा पाउन सकेकी छैन र अब म बेरोजगार भएकी छु , म न माइत जान सक्छु न त म घर नै जान सक्छु त्यसैले शक्ति मिलन समाजको क्राइसिस सेन्टरमा बस्दै आइरहेकी छु । क्राइसिस सेन्टरमा पनि सँधै बस्न

नमिल्ने हुनाले अब म कता जाने भन्ने सोचले मलाई पिरोलिरहेको छ ।

शक्ति मिलन समाजले मलाई पुर्न जीवन दिएको छ । जीवनको निष्पट अन्धकारमा मलाई उज्यालो दिने शक्ति मिलन समाज मेरा बुबा, आमा भन्दा पनि ठूलो लाग्छ । म ऋणी भएकी छु यस संस्थाको ।

# मृत्यु अंगालेर जन्मेकी मेरी कान्छी छोरी

जयन्ती बुढा

मेरो नाम प्रतिमा बुढा हो । मेरो घर रूकुम जिल्लाको आठबिस भन्ने ठाउँमा पर्छ । रूकुम नेपालको मध्य पश्चिममा पर्ने अति पिछडिएको जिल्ला हो । मेरो भोगाइमा रूकुम विकटता, गरिबी र अशिक्षाको पर्यायवाची नै हो । १५ वर्षको उमेरमा रूकुम जिल्लाकै २८ वर्षिय राम बहादुर बुढासँग मेरो मागी विवाह भयो ।

घरको आर्थिक अवस्था ज्यादै कमजोर थियो । गरिबीले वहाँलाई इण्डिया जान वाध्य पार्‍यो । वहाँ कलकत्ता गई ६ महिना काम गरि घर फर्कनु भयो । त्यस पछि वहाँ इण्डिया फर्कनु भएन । गाउँमै खेति पाति गरेर बस्नु भयो । इण्डियाबाट फर्केको ४ वर्ष पछि वहाँ सिकिस्त बिरामी पर्नु भयो । उपचारको लागि वहाँको दाजुले भेरी अस्पतालमा ल्याउनु भयो । म गाउँमै थिएँ । उपचारको क्रममा वहाँको अस्पताल्मा नै मृत्यु भयो । गाउँबाट अस्पताल आउन नै–दश हजार प्लेनको भाडा लाग्छ र पैदल आउन ४–५ दिन लाग्छ । टाढा भएको कारणले मैले वहाँको अन्तिम पटक अनुहार पनि हेर्न पाइन । उहा सदाका लागी म र २ छोरीहरूलाई एक्लो पारेर जानु भयो । म कस्तो अभागी रहेछु ।

मेरो काकाले मलाई नेपालगञ्ज बोलाउनु भयो । भेरी अस्पतालमा म र दुई छोरीहरुको रगत परिक्षण गराइयो । ठूली छारी बाहेक हामी दुइमा जक्ष्ख देखियो । मेरो श्रीमानको मृत्यू यसै रोगको कारणले भएको कुरा काकाले खोल्नु भयो । कान्छी छोरीको के दोष थियो ? मृत्यू अँगालेर जन्मेकी रहिछ मेरी कान्छी

छोरी । छोरीको निर्दोष आँखामा हामीले दिएको काल देखेर मैले आफ्नो मन कयौपल्ट समाल्न सकिन । रोएर सयौ रातहरु काटें । श्रीमान्को कारणले म र कान्छी छोरी संक्रमित भएको कुरालाई वेवास्ता गर्दै जक्ष्छ संक्रमणका कारणले हामीलाई घरबाट निकालियो । आफ्नै परिवारले मेरा दुई नावालक छोरीहरु माथि गरेको दुर्व्यवहार सम्झदा अझै पनि मेरो आङ्ग जिरिङ्ग हुन्छ र गह रसाउँछ ।

म, मेरा दुई छोरीका साथ माइतीमा आएर बस्न थाले । माइत आउने बित्तिकै मेरी बुहारी आफूलाई एच.आइ. भी. संक्रमण सर्ने डरले आफ्नो माइत गएर बस्न थालिन् । यत्तिकैमा म बिरामी परे । नेपालगञ्ज आई भेरी अस्पतालमा उपचार गराएँ । नव किरण प्लस नामक संस्थाले संचालन गरेको केयर होममा बसी थप उपचार गराएँ । यसैक्रममा मेरो पाठेघरमा र मेरी १८ महिनाकी कान्छी छोरीको टाउको मा पनि समस्या देखा पऱ्यो । यसको उपचारको लागि काठमाडौंको टेकु अस्पताल मा जाने सल्लाह दिनुभयो । काठमाडौंमा नव किरण प्लसले मेरो सम्पर्क शक्ति मिलन समाजसँग गराईदियो । म दुर्गम जिल्लााको निरक्षर महिला, काठमाडौंमा हराएको जस्तो महसुश भयो । १ वर्ष सम्म शक्ति मिलन समाजको क्राइसिस होममा बसेर उपचार गराए पछि म पुनः माइती फर्के । हामि गाउँमा भेदभाव र अवहेलनाको शिकार भयौ । मानिसहरु हाम्रो नजिक आउन समेत रूचाउँदैनथे । यसैक्रममा कान्छि छोरी सिकिस्त विरामी परी । उपचार गाउँमा सम्भव थिएन । त्यसैले काठमाडौं आएँ शक्ति मिलन समाजको आश र भरोसामा काठमाण्डौ आएँ । काठमाडौं सम्म आइपुग्ने बाटो खर्च जुटाउन असमर्थ म कसरी काठमाडौंको महँगो बसाई र उपचार खर्च थेग्न सक्थे र ? मेरो भरोसा भनेकै शक्ति मिलन समाज थियो । शक्ति मिलन समाजको सहयोगमा मेरी छोरीको उपचार भयो । यसै संस्थाको केयर होममा हामी बस्यौं । यस संस्थाको सहयोगमा मेरी छोरीले पुर्न जीवन पाइन् । अहिले उसको ए.आर.भी. उपचार शुरू गरिएको छ ।

गाउँमा हुने भेदभाव, हिंसा र दुर्व्यवहार बाट मेरा छोरीहरुलाई सुरक्षित गर्न मैले गाउँ नफर्किने निधो गरें । उसो त मेरो औषधी -ए.आर.टी.) को लागि नेपालगञ्ज आउनुपर्ने अर्को वाध्यता पनि थियो । मेरो गाउँबाट दिनभर हिडेपछि मात्र विमानस्थल आइपुगिन्छ र त्यहाँबाट नेपालगञ्ज आउन प्लेनमा रू ७००० भाडा लाग्छ र हिडेर आउने हो भने ३-४ दिन लाग्ने हुनाले औषधी उपचार बिचैमा छोडिने सम्भावना पनि बढि हुन्छ । यसरी आफ्नो छोरीहरुको भविष्य र स्वास्थ्य उपचारको लागि मैले काठमाडौं बस्ने निधो गरे ।

शक्ति मिलन समाजको पहलमा मेरी ठूली छोरी एक संस्थामा बसी पढीरहेकी छिन् । मैले अहिले शक्ति मिलन समाजबाट पाएको आय आर्जन सहयोग बाट एउटा सानो व्यवसाय शुरू गरेकी छु । जसबाट म र मेरी कान्छी छोरी को जीविकोपार्जन भएको छ । अहिले मेरो र मेरी छोरीको स्वास्थ्य स्थिति धेरै राम्रो छ, र जीवनमा केही गर्ने उत्साह थपिएको छ ।

वास्तवमा शक्ति मिलन समाजले टुटेका हाम्रा सपनाहरुलाई सँगाल्ने काम गरेको छ । संक्रमित दिदी वहिनीका लागि शक्ति मिलन समाज बाँच्ने आधार भएको छ । शक्ति मिलन समाज म जस्ता हजारौं हजार संक्रमित महिलाहरुको सहारा बन्न सकोस् । म जस्ता दिदी बहिनीहरु देशको कुना काप्चामा सहयोगको अभावमा मृत्यू वरण गर्न वाध्य भएका छन् । देशको कुना काप्चामा शक्ति मिलन समाज पुग्न सकोस् ।

# बाढी जस्तो मेरो जीवन

लक्ष्मी तामाङ्ग

मेरो नाम लक्ष्मि तामाङ्ग हो । म अहिले २२ वर्ष भएँ । मेरा दुई सन्तान छन् । एउटा छोरा र अर्कि छोरी । मेरो जीवन देख्दा म स्वयंम अचम्बित हुन्छु । म बेचिएँ, एच.आई.भी. सत्रमित भएँ र घरबाट निकालिएँ । यस्तो लाग्छ मेरो जीवन बाढी हो जुन कहिल्यै शान्त भएन । एक पछि अर्को तहस नहसको श्रृखला चलिरह्यो । कलिलो उमेरमै दुःख को भुमरीमा निसासियो मेरो जीवन ।

म १० वर्षको छदा चितवनको जंगलमा आमा दाउरा लिन जादा गैडाको आक्रमणमा परि मृत्यू भयो । त्यसपछि भाई र बहिनीको स्याहार सुसारको जिम्मा मेरो काँधमा आयो । दिनहरु वित्दै थिए । एक दिन मेरो फुपुको छोरी अर्थात मेरो भान्जीदिदीले काठमाडौंमा राम्रो काम लगाइदिने बाचा गर्नुभयो । त्यति वेला म १७ वर्षकी थिएँ । आफ्नो कमाइबाट परिवारलाई सुख दिने मेरो भित्री इच्छा थियो । मेरो सपना पुरा हुने देखेर म औधी खुशी थिएँ ।पैसा कमाउने धुनमा म दिदीको पछि लागे । म गाँउबाट पहिलो पटक बाहिर निस्केकी हुनाले मलाई बाहिरी संसारको अत्तोपत्तो थिएन । काठमाडौंको यात्रामा निस्केकी म बम्बई शहरको फुलबारी भन्ने ठाउँको  एउटा वेश्यालयमा गएर मेरो यात्रा टुङ्गिन पुगेछ । मेरो दिदीले मलाई बेचेर नेपाल फर्किसकि भन्ने कुरा त्यहाँको साहुनीले सुनाउँदा मेरो मस्तिस्कमा झट्का लाग्यो । मैले विश्वास गर्न सकिन । म आत्तिएँ, रोएँ, कराएँ परिवार सम्झेँ । भाई बहिनी सम्झेँ । शारिरीक, मानशीक यातना दिई अन्तत मलाई नरकिय जीवन जीउन वाध्य तुल्याए । त्यहाँ म हरेक पल लुटिन्थे ।

एक दिन एउटा ग्राहकले म सँग विवाह गर्ने इच्छा देखाया । म पनि सहमत भएँ । मलाई छोड्नका लागि साहुनीलाई भने । साहुनीलाई छुरी हान्ने सम्मको धम्की दिएँ । साहुनीले नछोडेपछि एक दिन योजना बनाएर त्यस ग्राहकले मलाई त्यस नरकबाट भगाउन सफल भयो । तीन महिनाको नरकीय जीवनपछि खुल्ला आशमुनि जीवन भर साथ दिन्छु भन्ने ब्यक्तिसँग हातमा हात मिलाई नरकलाई पछि छोड्दै पाइला अघि बढ्दै गर्दा म पुर्न जीवीत भएको आभाष मिलिरहेको थियो । मेरो खुशीको सिमा रहेन ।

हाम्रो विवाह भयो । पहिलो तीन चार महिना खुशीसाथ वित्यो । पछिका समयमा श्रीमान् जाँड खाएर आउने र मलाई पिट्ने क्रम चल्न थाल्यो । घरका मान्छेले माया गरे पनि पतिले विगत कोट्याउदै मलाई दिनहुँ पिट्थे । एउटा नरक छोडेर अर्को नरमा आएको जस्तो हुन थाल्यो । जसो तसो गरी त्यहाँ पाँच वर्ष विताएँ । यसबीच ढुइ बच्चा भए । मेरो अवस्थाको खवर पाएर बम्बई फुलवारी स्थित माइती नेपालको कार्यालयबाट कर्मचारीहरु मेरो घर आए र वहाँहरुको सहयोगमा म मेरो घर चितवन फर्कन सफल भए ।

मेरो जीवन गाउँमा पनि सहज हुन सकेन । गाउँलेहरु त्यति राम्रो व्यवहार गर्दैनथे । मेरो नाम बुम्बईसँग जोड्थे । छहारी नामक संस्थाका कर्मचारी मलाई भेट्न गाउँ आउनु भयो । वहाँहरुबाट जक्ष्ख सम्वन्धी परामर्श सेवा पाएपछि म र मेरा ढुई सन्तानको रगत परिक्षण गरियो । ममा जक्ष्ख देखा परेपनि मेरा सन्तानमा भने संक्रमण नभएको पुष्टि भयो । मेरो स्वास्थ्य बिग्रिदै गएको थियो । छहारी संस्थाको सहयोगमा म शक्ति मिलन समाजको संपर्कमा आएँ । शक्ति मिलन समाजले संचालन गरेको केयर सेन्टरमा बसेर उपचार गराएँ । पिडादायी घटनाहरुले गर्दा मानसिक सन्तुलन पनि खलबलिएको थियो । यी सबै समस्यासँग लड्न शक्ति मिलन समाजले मलाई साथ दियो । हरेक पल सहारा बन्यो जीन्दगीको लडाइमा । छ महिनाको काठमाडौं बसाई, स्वास्थ्य उपचार, मनोसामाजिक विमर्श र मेरा

दुई सन्ताको स्याहार सुसारको पुरा जिम्मा लिई शक्ति मिलनले ममा  जीवनप्रति नयाँ उत्साह र उमंङ्ग थपिदियो । आज म जीवन प्रति सकारात्मक छु । गाउँमै खेतीपाती गरी बसेकी छु र मेरो जीवनमा विष घोलेका ती अपराधीहरुलाई जेल पठाउन पनि म सफल भएकी छु ।

# जीवनको लागी संघर्ष

शोभा बोहोरा

मेरो नाम स्वइच्छा केसी हो । मेरो जन्म बाग्लुङ जिल्लाको बलेवा गाविस ४ मा २०३४ साल मा भएको हो । म ४–५ वर्षको हुँदा बुबाको मृत्यु भयो । आमाले अर्को विहे गर्नु भयो । म एक्लो सन्तान थिएँ । ठूलो बुबाले मेरो पालन पोषण गर्नुभयो । कलेज पढ्ने इच्छा हुँदा हुदै पनि मेरो पढाइ एस.एल.सी. मै सिमित हुन पुग्यो । किनभने १६ वर्षकै उमेरमा मेरो विवाह गराइयो ।

मेरो श्रीमान इन्डियाको मुम्बइमा काम गर्नुहुन्थ्यो । विवाह पछि वहाँ इन्डिया फर्किनु भयो । म पनि केहि समय पछि इण्डिया गएँ । वहाँको  तलब केवल भा.रू. १५०० मात्र थियो । वहाँको तलबबाट हाम्रो खर्च टार्न हम्मे हम्मे पर्थ्यो । बम्बइ बसाइको क्रममा हाम्रो एउटा बच्चा पनि जन्मियो । खर्च धान्न नसक्ने भएपछि हामी गाउँ फर्कियौ । वहाँ भने फेरि बम्बइतिर लाग्नु भयो ।

श्रीमान्को कमाई निकै कम थियो । वहाँले बुबा आमालाई पैसा दिन छाड्नु भयो । यसैकारणले सासु ससुराले मलाई भिन्न राखिदिनु भयो । वहाँ इण्डियामै हुनुहुन्थ्यो । बच्चा हुर्काउने, खेतीपाती हेर्ने सबै जिम्मेवारी मेरो थाप्लोमा पर्‍यो ।

अहिलेको कमाइले घर नचल्ने भएपछी  आपसी सल्लाहमा वहाँ खाडी मुलुक जाने निर्णय भयो । ऋण गरेर वहाँ विदेश जानका लागि शहर लाग्नु भयो । तर स्वास्थ्य परिक्षणमा केहि खरावी देखिएको कारण जनाउदै वहाँ गाउँ फर्किनु भयो । ऋण गरेको पैसा फस्यो । थप पैसा नभएको कारणले छातिमा देखा परेको दागको उपचार गर्न नसकेको कुरा वहाँले बताउनुभयो ।

त्यसपछि वहाँ फेरी इण्डिया जानु भयो । घर आउने जाने क्रम यथाबत नै थियो । इण्डियामानै उहाँ सिकिस्त विरामी पर्नु भएछ । छातिमा टि.बी. देखा परेछ । छातीमा घाउ पनि भएछ । यसका लागि अप्रेशन गरिएछ । वहाँमा एच.आइ.भी. भएको कुरा त्यसै बेला पत्ता लागेको रहेछ । म भने यसबारे अनभिज्ञ थिए । अप्रेशन पछि वहाँ गाउँ फर्किनु भयो । १५–२० दिन पछि वहाँको घाउ पाक्न थाल्यो । पखाला पनि लाग्न थाल्यो । ऋण लिएर वहाँलाई उपचारको लागि पोखरा ल्याएँ । उपचारको क्रममा डाक्टरले वहाँलाई एच.आई.भी. संक्रमण भएको कुरा मलाई बताए । मेरो सातो गयो । म शिथिल भए । म भासिए । ममा पनि एच.आई.भी. सक्रमण देखियो । मेरो छोरा टुहुरो हुने भो भनेर म अत्तालिएँ । म पागल जस्तै भएँ । एकातिर आसन्न मृत्यु र अर्को तिर छोराको भविष्य सम्झेर विरहका आँशु आँखाबाट एकोहोरो बगिरहे । मृत्युको मुखमा पुगेको आफ्नो लोग्ने प्रति मलाई सहानुभुति पनि लागेन ।  वहाँप्रति तिरस्कार वाहेक अरू केहि थिएन ।

घर ल्याएको १ हप्तामा वहाँको निधन भयो । घर समाज सबैले मेरा अबोघ छोरालाई समेत भेदभाव र ढुर्व्यवहार गरे । सामाजिक उपेक्षा र तिरस्कारको हामी शिकार बन्यौ । यस ढुर्व्यवहारबाट जोगिन छोरा बोकेर म काठमाडौं तिर लागे । यात्रा गन्तव्य विहिन थियो । कहाँ जाने, कहाँ बस्ने र के गर्ने भन्ने सवालहरु अनुत्तरित थिए । छोराको भविष्यको लागि म बाँच्नु पर्छ र संघर्ष गर्नुपर्छ भन्ने अठोटले मेरो टुक्रिएको मन गाँसेको थियो ।

काठमाडौंमा सानोतिनो काम गर्न थाले । गाउँमा जस्तै तिस्कृत हुने डरले एच.आई.भी. सक्रमणको कुरा आँफैमा सिमित राखैं । छोरालाई स्कुल भर्ना गरें । छोराको निर्दोष मुहारले मलाई जीवनसँग संघर्ष गर्न प्रेरणा दिन्थ्यो । मेरो संघर्षमा एच.आई.भी. ले तुषारापात गर्दै थियो । मलाई एच.आई.भी. ले गाल्यो । मेरो पेटमा पानी जमेको रहेछ । पहिले मोडेल अस्पतालमा र पछि टेकु अस्पतालमा उपचार गराउन थाले । पैसाको त समस्या परिनै रह्यो । यस वाहेक सहयोगी साथी नहुँदा पनि ठुलो अप्ठ्यारो पऱ्यो । यसै क्रममा मेरो अवस्थाको जानकारी पाएर

शक्ति मिलन समाजकी दिदीहरू मलाई भेट्न आउनु भयो । संस्थाले पूर्णरूपमा सहयोग गर्ने बाचा दिनु भयो ।

मेरो सम्पूर्ण उपचारको व्यवस्था शक्ति मिलन समाजले मिलायो । मेरो बच्चाको हेरबिचार गऱ्यो । शक्ति मिलन समाजद्धारा संचालित केयर होममा १ वर्ष बसेर उपचार गराएँ र इ.जे.ए.यफ. होस्टेलमा अर्को १ वर्ष बसि विभिन्न जीवन उपयोगी सीप लगायत मनोविमर्श सेवा लिई म नितान्त फरक व्यक्तिको रूपमा परिवर्तन भई नयाँ उर्जा र उत्साहका साथ जीवनका चुनौती सामना गर्न मैदानमा उत्रेकी छु । शक्ति मिलन समाजको सहयोगमा आज म ल्बएल मा कार्यरत छु । म अहिले कार्यक्रम संयोजकको रूपमा कार्यरत छु जसबाट कोठाभाडा तिर्न छोरालाई पढाउन सहयोग भैरहेको छ । संक्रमित भएको कारणले रोगहरु लाग्ने खतरा भइरहन्छ । त्यस्तो अवस्थामा आवश्यक पर्ने उपचारका लागि पैसा जोहो गर्न नसक्दा एक किसिमको भय भैरहदो रहेछ । तर पनि म जीवन प्रति आशावादी छु । संघर्ष गरिरहेकी छु । म जस्ता अरू दिदी बहिनीहरूलाई पनि सहयोग गर्ने भावना ले म अझै पनि शक्ति मिलन समाजको कार्य समिति मा सचिवको रूपमा आवद्ध छु ।

आज मेरो छोरा १५ वर्षको भैसकेको छ । उ कक्षा ९ मा पढ्दै छ । आजसम्म मैले उसको एच.आइ.भी. परिक्षण गराएको छैन । डर लाग्छ कतै ऊ मा पनि एच.आइ.भी. छ कि भनेर । ऊ आजसम्म स्वस्थ देखिन्छ । भगवानसँग प्रार्थना गर्छु र विश्वास छ ऊ सुरक्षित छ ।

मेरोलागि शक्ति मिलन समाज मन्दिरको दोस्रो रूप हो । म त्यस मन्दिको भक्त हुँ । शक्ति मिलन रूपी मन्दिरले मलाई जीवनप्रति सकारात्मक हुन र आफु जस्तै अरू महिला दिदी बहिनीहरुलाई सहयोग र संरक्षण लगायत एच.आई.भी. को महामारीबाट सम्पूर्ण मानव समुदायलाई जोगाउने अभियानमा लाग्न प्रेरित गरेको छ । मेरो बाँकी जीवन यसै उद्धेश्य प्राप्तिका लागि अपर्ण गर्ने प्रण गरेकी छु । म एच. आइ. भी. संक्रमण को विरूद्धको अभियानमा होमिएकी छु ।

# देशको राजधानीमा शोषित हुँदा

चाँदनी जोशी

मेरो नाम चाँदनी जोशी हो , मेरो जन्म २०२३ साल साँखुमा भएको हो । मध्यमवर्गीय परिवारमा जन्म भएकोले मैले कक्षा १० सम्मको पढाइ पूरा गर्ने मौका पाएँ । त्यसपछि २०४७ सालमा काठमाण्डौ निवासी एक व्यापारी सँग मेरो मागी विवाह भयो । त्यसको २ वर्षा पछि मैले एक छोरीलाई जन्म दिएँ । छोरीको जन्म पछि मेरो श्रीमान धेरै जसो काममा व्यस्त हुन थाल्नुभयो । व्यापार गर्ने क्रममा एकजना बम्बइबाट फर्किएकी महिलासँग वहाँको उठबस रहेछ । त्यसको केही समय पछि श्रीमान अचानक विरामी पर्नुभयो , तर वहाँले विरामी को कारण खुलाउनुभएन न त म सँग अस्पताल जान मान्नुभयो । अन्तिम अवस्थासम्म मैले वहाँको सेवा गरें । यत्तिकै मा वहाँको निधन भयो । मेरो वहाँ प्रति अथाह विश्वास, माया र श्रद्धा थियो । वहाँले भने मलाई विश्वासघात गर्नुभयो र त मैले उहा बाट एच.आई.भी. संक्रमणको उपहार पाएँ । वहाँको मृत्यु पछि थाहा भयो ।

वहाँको अन्तिम अवस्थाको पिडा, वेदना र चित्कार अझ पनि मेरो मानसपटलमा ताजै छन् । भोलि म त्यहि अवस्थाबाट गुज्रनु पर्ने छ भन्ने बुझाइले ममा थामीनसक्नु डरले डेरा जमाएको थियो । त्यसमाथि घर परिवारको दुर्व्यवहार, भेदभाव र एकोहोरो हेपाइले बाँच्नुको सार्थकता देखेकी थिइन । मलाई भान्छामा पस्न दिदैनथे । मैले चलाउने भाडामा चिन्ह लगाएका थिए । उनीहरूले नखाइञ्जेल मैले र मेरी छोरी ले खान पाउँदैनथ्यौं । घरमा पालिएका गाईवस्तु ले बरू समय समयमा र पर्याप्त खाना पाउँछन् तर हाम्रो नियती ती गाईबस्तु भन्दा पनि तल्लो

स्तरको थियो । छोरीको पढाइको लागि समेत खर्च दिदैनथे । काठमाडौं को मैतिदेवीमा घर भएतापनि हामी आमा छोरीलाई खान लाउन धौ धौ थियो । उनीहरूकै छोराले मलाई कालको मुखमा घकेलेको यथार्थलाई कुल्चदै उनीहरुकै रगत आफ्नी नातिनीलाई समेत हेला र ढुव्यवहार गर्थे उनीहरु । मानौ हाम्रो कारणले उनीहरुको छोराको मृत्यु भएको हो । उनीहरुले कहिले पनि उनीहरूको छोराको कारण मेरो जीन्दगी बर्बाद भएको सोचेनन् । छोरीलाई एच.आई.भी. सक्रमण थिएन । उसैको भविष्यको लागि भए पनि पीडाको पहाड बोकेर बाँच्नु पर्ने वाध्यता ममा थियो ।

सम्पत्ति प्रशस्त थियो तर म किरीया बसेको मौका पारेर मेरा श्रीमानको परिवारले सबै सम्पत्ति मेरी सासुको पेवा भएको नक्कली कागज पत्र तयार पारिसकेका रहेछन् । यसरी मलाई र मेरी छोरी लाई आफ्नै सम्पत्तिबाट वञ्चित गरियो । छोरीको पढाई रोकिने अवस्थामा पुग्दा मेरो धैर्यताको बाँध टुट्यो । सम्पत्तिको लागि आवाज उठाएँ । तर घर परिवार र समाजले मेरो आवाज सुने नसुनेको गऱ्यो । मेरो आवाज सुन्ने, मेरो पीडा महशुस गर्ने अनि न्यायको लडाइमा साथ दिनेको खोजीमा म थिएँ । यसै ऋममा म शक्ति मिलन समाजको ढोका ढकढक्याउन पुगैं । जीवनले त्यसपछि नयाँ मोड लियो ।

मेरो परिवारको मनस्थिति कसरी जान्न सकिन्छ भने एक चोटि म जस्ता एकल महिलाहरूलाई सम्मान गर्ने क्रममा हामीलाई रातो ढोसल्ला र रातो टीका लगाइएको थियो त्यस बेला पनि उनीहरूले म र शक्ति मिलन समाज लाई मेरो ढोस्रो विवाह गराइयो भन्ने आरोप लगाएका थिए । उनीहरूले मलाई सम्पत्तिबाट वञ्चित गराउनका लागि यस किसिमको आरोप लगाएका थिए तर शक्ति मिलनले नै मुद्धाको जिम्मेवारी लिएको र सो कार्यक्रम पनि शक्ति मिलन ले नै आयोजना गरेको हुनाले हामी मुद्धा जित्न सफल भयौं । फलस्वरूप मैले ८ लाख र घरको एक तला पाएँ । आज मेरी छोरी वि.वि.ए. पढ्दै छिन् । परिवारसँग

हाम्रो बोलचाल बन्द छ । हामी आमा छोरी खुशी छौं । हामी एक अर्काका सहारा बनेका छौं ।

शक्ति मिलन समाजमा म जस्ता असंख्य महिलाहरु भेटेपछि यो दुनियाँमा म मात्र एक्लो पीडित रहेनछु भन्ने लाग्यो । मनोविमर्श सेवा पाएँ र जीवन लामो छ र मैले अरू सरह धेरै कुरा गर्न सक्छु भन्ने कुराको बोध भयो । शक्ति मिलन समाज ले दिएको ब्यूटि पार्लर तालिमबाट उत्साहित भई मैले ब्यूटि पार्लर शुरू गरेकी छु । म आत्मनिर्भर बनेकी छु ।  हाम्रो जीवन हिजोको कहालिलाग्दो अवस्थाबाट आज सहज र सरल बनेको छ ।  यसको श्रेय शक्ति मिलन समाज र मेरो माइती पक्ष लाई जान्छ ।

अहिले म ४३ वर्षकी भएँ । २०५२ सालमा संक्रमित भएकी मैले २०६४ मा ए.आर.टी. शुरू गरेको थिए । ४२ औं वसन्त पार गरीसकेकी म कुनै थकान महशुस नगरी जीवनको गोरेटोमा लम्किरहेको छु । वरू म जस्तै दिदी बहिनीहरुको आँशु पुछ्न शक्ति मिलन समाज सँग हातेमालो गर्दै अघि बढ्ने सोचका साथ म शक्ति मिलन समाजको कार्य समिति को सदस्यको रूपमा विविध कार्यक्रममा सक्रियताका साथ लागेकी छु । शक्ति मिलन समाज जस्ता संस्थाहरुले आफ्नो गतिविधीलाई देशको कुना काप्चामा पुऱ्याउनु पर्ने आजको आवश्यकता टट्कारोरूपमा महसुस गर्नुका साथै मैले देशको राजधानी काठमाडौमा एच.आई.भी. सक्रमण हिसा, दुर्व्यवहार खेप्नुपरेको दृष्टान्तले राज्य लगायत सम्बन्धित सबै सरोकारवाला आफ्ना जिम्मेवारीमा चुकेको मैले आंकलन गरेकी छु ।

# तिरस्कृत महिलाको संरक्षक शक्ति मिलन

अम्बीका नेपाली

मेरो नाम सबिता नेपाली हो । राजधानी काठाडौंको कपन भन्ने ठाउँमा २०४१ सालमा मेरो जन्म भयो । कमजोर आर्थिक अवस्था र निरक्षर आमा बुबाको कारणले काठमाडौं जस्तो ठाउँमा जन्मेर पनि विद्यालय जान नपाएको कुरा भनीरहदा अपत्यारिलो लाग्न सक्छ । तर यथार्थ यहि नै हो । यथार्थलाई बङ्ग्याउन म सक्दिन । आमाले जर्बजस्ती १२ वषाको  कलिलो उमेरमा मेरो विवाह गरिदिनु भयो । श्रीमान्ले कुट्ने पिट्ने गर्नु हुन्थ्यो । यसबारे खवर पाएपछि आमा मलाई भेट्न आउनु भयो र मलाई आफु सँगै लिएर घर फर्कनु भयो । घरमा सानी बहिनीको स्याहार सुसार गर्ने र बाख्रा चराउने काम गर्दै मेरा द्विनहरु वितिरहेका थिए ।

एकदिन छिमेकी दिदीले मलाई राम्रो काम खोजिदिने कुरा गर्नुभयो । मैले पनि पैसा कमाउने भए, राम्रो लाउन, खान पाउने भए भन्ने सोचइमा मेरो बाल्य मन दङ्ग थियो । तीनै दिदीले कामका लागि २ जना केटा मान्छेसँग मेरो सम्पर्क गराइदिनु भयो । ३–४ दिनको यात्रा पछि म उनीहरुको साथमा मुम्बइको पुना भन्ने ठाउँमा पुगेँ । त्यस बेला मेरो उमेर केवल १२ वर्षको थियो । ४–५ दिन पछि मात्र थाहा भयो कि म बेचिएछु । र मैले यौवन नभरीएको कलिलो जवानी बेच्नु पर्ने छ भन्ने कुरा थाहा पाएँ ।

मेरा हरेक होस रूवाइ सँग सुरू हुन्थे र वेहोशी सँगै मेरो आँशु रोकिन्थ्यो । म अत्तालिन्थे । कराउथे, काप्थे तर मेरो दुर्दशामाथि त्यहाँ कसैलाई दया जागेन । १२ वर्षको वाल्य शरीरलाई लुछेर

सयौंले भोक मेटाए । म लुटिंदै गएँ । नारकिय जीवन जीउदै गएँ । साहुनीको कुटाई पनि दैनिकी भैसकेको थियो । पुलिसले बेला बेलामा छापा मार्थ्यो । तर भाग्यबाट ठगिएकी मैले खुला आकाश दुई वर्ष पछि मात्र देख्न पाएँ । १९९६ मा प्रहरीले छापा मारेर म लगायत अन्य साथीहरुलाई एउटा पुलिस चौकी मा लगेर राखे । नेपाल सरकारले हामीलाई "एड्सको पोका" नाम दिएर, नेपाल फर्किने प्रबन्ध नगरिदिएपछि ७ वटा गैर सरकारी संस्थाको पहलमा छ महिना पछि म लगायत १४८ जना चेलीहरू नेपाल फर्कन सफल भयौं । त्यस पछि सिविन भन्ने संस्थामा बसें र यसको जानकारी पाएपछि आमा मलाई लिन आउनु भयो । बुबाले मलाई घर लान नमान्नुभए पनि आमाको ढिपीको कारण म घरमा ल्याइएँ । आफुलाई जन्म दिने बाबुले  बेवास्ता गर्दा मेरो मनमा चोट लाग्यो । जुन समय बुबा आमाको साथको सबभन्दा ठुलो आवश्यकता पर्छ त्यही बेला बुबाले गर्नु भएको व्यवहारले मेरो मन छिया छिया पारेको थियो । ज्याला मजदुरी गरी जीवन विताउदै थिए । यसैक्रममा मेरी बहिनीको विवाह भयो र मेरो पनि विवाहको कुरा चल्न थाल्यो । बालाजुको एउटा केटासँग मेरो विवाह पनि भयो । श्रीमान्ले माया गर्नुहुन्थ्यो । छोरी जन्माउने क्रममा मलाई एच.आई.भी. संक्रमण भएको कुरा पत्ता लाग्यो । त्यस पछि श्रीमान्, सासु दुबैले मलाई दिनहुँ जसो पिट्नु हुन्थ्यो । सबै सहेर बसें । यसै क्रममा मेरो अर्को सन्तान छोरा जन्मियो । भाग्यबस मेरा दुबै सन्तान र श्रीमान् कसैलाई पनि एच.आई.भी. संक्रमण देखिएन । घरेलु हिंसामा पिल्सिएर बाँचीरहेको थिए । श्रीमान्को कुटाइले मेरो टाउको फुट्यो । चोट गहिरो थियो । यसका लागि अप्रेशन गरियो । यसको जानकारी पाएर पहिला शक्ति समुह र पछि शक्ति मिलन समाजका दिदीहरु मलाई भेट्न आए र तुरून्त अस्पताल लिएर गए । अस्पतालबाट घर फर्केपछि मेरो श्रीमान ले दोस्रो विवाह गरिसकेका रहेछन् र मलाई घरमा प्रवेश गर्न दिएनन् । म मेरा दुई सन्तानलाई लिएर दक्षिणकाली मन्दिरमा मागेर बस्न बाध्य भएँ । त्यसै क्रममा शक्ति मिलनका दिदीले मलाई देख्नुभयो र मलाई  शक्ति मिलन समाजको केयर सेन्टरमा ल्याएर राखियो । केयर सेन्टरमा

विगत ४ वर्षदेखि म होस्टेल वार्डनको रूपमा कार्यरत छु । शक्ति मिलन समाज र शक्ति समुहको पहलमा विवाह दर्ता, जन्म दर्ता र नागरिकता लगायत श्रीमान्को केहि सम्पत्ति प्राप्त गर्न सफल भएको छु । शक्ति मिलन समाजको सहयोगमा आय आर्जनमुलक तालीम लगायत अनौपचारिक शिक्षाको अवसरहरु पाएको छु । यी सबैले ममा आत्मविश्वास बढाएको छ । छोरीलाई पिन नेपाल भन्ने संस्थाले पढाएको छ । त्यस्तै छोरा आफू सँगै राखी पढाएकी छु ।

शक्ति मिलन समाज मलाई आफ्नै घर जस्तो लाग्छ । समाजबाट तिरस्कृत, अपहेलित र शोषित म जस्ता दिदी बहिनीहरुको साझा घर हो शक्ति मिलन समाज ।

# आज सम्मको मेरो यात्रा

दयावती सेढाइ

मेरो नाम दयावती सेढाइ हो । म हाल ४३ वर्षकी भएँ । काभ्रेमा जन्मे हुर्के र १५ वर्षको उमेरमा विवाह भयो । विवाह पछि श्रीमान् सँगै काठमाडौमा आई बस्न थाले । वहाँ ठमेलमा काम गर्नुहुन्थ्यो । वहाँ लागुपदार्थ सेवन गर्नुहुन्छ भन्ने कुरा विवाह पछि चाल पाएँ । लागु पदार्थ सेवन गर्ने बानी छुटाउन धेरै प्रयास गरें । यसै क्रममा २०५५ सालमा वहाँको रगत परिक्षण गर्दा एच.आई.भी. संक्रमण भैसकेको रहेछ । म पनि एच.आई.भी. सक्रमित भैसकेकी रहेछु । तर भाग्यवश मेरो छोरा भने सुरक्षित रहेछ । उपचारको क्रममा २०५८ सालमा वहाँ हामीहरुलाई टुहुरो पारेर यस धर्तीबाट बिदा लिनुभयो ।

३ वर्षको छोरा र ८५ वर्षे सासु आमाको पालनपोषाणको जिम्मेवारी मेरो काँधमा आयो । पढाइ लेखाइ नभएको म जस्तो निरक्षर नारीलाई परिवार पाल्न ठुलो समस्या पर्‍यो । यसैक्रममा म सिकिस्त विरामी परें । औषधी उपचारको क्रममा भएका जति सबै सम्पत्ति सकिए । चारैतिर निष्पट्ट कालो बादल मात्र मडारियो मेरो जीवनमा । २०६२ सालदेखि ए.आर.टी. शुरू भयो । यत्तिकैमा सहयोग र सहाराको आश राखी म शक्ति मिलन समाजको सम्पर्कमा आएँ । त्यहाँ म जस्ता सयौं दिदी बहिनी भेटें । दुःख सुखका कुराहरु साटासाट गरियो । मनोविमर्श, अनौपचारिक शिक्षा, क्षमता अभिवृद्धि तालिम लगायत औषधी उपचार र छोराको पढाईका लागि सहयोग पाए । जीवनमा उर्जा थपियो । मैले पनि केहि गर्न सक्ने रहेछु भन्ने लाग्यो । बाँचिएला र जीवनमा सुखका दिन आउलान् भन्ने कल्पना गर्दागर्दै ९३ वर्षको उमेरमा मेरी सासूको निधन भयो । त्यस्तो अफठ्यारो

घडीमा मेरो १० वर्षको छोरो लाई लिएर ए.आर.टी. खाँदाखाँदै मैले मेरी सासूको काजकिरिया सम्पन्न गरें । यस्तो समयमा पनि मेरो घर तर्फबाट मैले केही सहयोग पाइन बरू मेरा माइतीको सहयोग ले मलाई धेरै सहारा भयो । यस्तै संघर्षको बीचमा छोराको भविष्यको चिन्ताले मलाई गालीरहेको छ । विगत ६ वर्षदेखि शक्ति मिलन समाजमा कर्मचारिका रूपमा काम गर्दै आएतापनि ६ महिना तलवि काम गरिन्छ भने अर्को ६ महिना बिना तलव काम गर्नुपर्ने वाध्यता छ । हामी जस्तो संक्रमित महिलाले काठमाण्डौमा कोठा भाडामा लिएर, आफू र छोराको पालन पोषण गर्न कत्तिको धौ धौ हुन्छ भन्ने यथार्थ मैले प्रष्ट्याइराख्नु पर्दैन । प्रोजेक्ट पर्याप्त मात्रामा नहुँदा यस्तो समस्या भोग्दै आएका छौ । सधै काम गर्ने अवसर पाइरहे हुन्थ्यो जस्तो लाग्छ । तैपनि दातृ निकाय तथा सहयोगी संघ संस्थाहरूको कमीले गर्दा हामी जस्ता काम गर्न इच्छुक हरूलाई काम गर्ने अवसर को कमी भएको महसूस हुन्छ । हामी जस्ता उपेक्षित वर्गलाई साथदिने संघ संस्थाहरु रहेछन् भन्ने महशुस मात्र भयो भनेपनि हामीलाई धेरै राहतको अनुभव हुनेथियो ।

शक्ति मिलन समाज आवद्ध भएको पनि ६ वर्ष भैसक्यो । यस दौरानमा हामीले निकै काम गऱ्यौ जस्तो लाग्छ । सयौ संक्रमित दिदी बहिनीलाई उपचार गरी उनीहरुको ज्यान बचायौं । संक्रमितहरुको हक अधिकारको लागि संघर्षका कार्यक्रमहरु गऱ्यौं । एच.आई.भी. सम्बन्धी जनचेतना जगायौं । वास्तवमै हाम्रो बल बुताले भ्यायसम्मका पहलहरु हामीले गऱ्यौं । तर पनि हाम्रो सरोकारका विषायमा सम्वन्धित पक्षले न्यायोचित ध्यान पुऱ्याउन नसक्दा सिङ्गो राज्यलाई अपुरणिय क्षति भैरहेको छ । भुसको आगो भैं फैलिएको एच.आई.भी. केवल स्वास्थ्य समस्या मात्र नभई आर्थिक, सामाजिक समस्याको रूपमा देखा परेको सन्दर्भमा यस रोगलाई राष्ट्रिय स्तरमै महत्व दिई न्युनिकरण तर्फ इमानदारीताका साथ नलम्किए ठुलो संकट आइलाग्ने निश्चित प्राय छ ।

# घर फर्किने टिकट

मिना थापा विरही

मेरो सावित्रा थापा ''विरही'' हा, मेरो जन्म २०४० सालमा पाल्पाको एउटा विकट गाउँको गरीब परिवारमा भयो । बाल्यकाल राम्रै सँग बित्दै थियो । १२ वर्षको हुँदा म कक्षा ७ मा पढ्दै गर्दा यस्तो घटना घट्यो जसले मेरो जीवन तहस नहस पाऱ्यो । म आज पनि त्यो घटना भन्दा अघिको समयमा पुग्न पाएहुन्थ्यो भनि कल्पिन्छु । तर अफसोच यो सम्भव छैन । न त म त्यो घटना भुल्न नै सक्छु । गाउँमा मेला लागेको थियो । अर्को गाउँको चिनजान भएकी दिदीसँग म पनि मेला घुम्न गएँ । दिदीले खाजा खुवाइने । खुव रमाइलो गरियो । दिदीले उसको साथीहरुसँग मेरो परिचय पनि गराइन । साँझ परिसकेको थियो । भोलि घर पुऱ्याइदिउँला आज मेरो माइती जाउँ भनी दिदीको साथीले प्रस्ताव राखिन । यत्तिकैमा म उनीहरुसँगै गाडीमा चढ्न पुगैं । मलाई त्यति राम्रो होश पनि थिएन । शायद खाने कुरामा लठ्याउने चीज मिसाएर खुवाइएको थियो । ''यहि हो मेरो माइती, तिमी एकछिन बस्दै गर घर फर्किने टिकट लिएर आउँछु" भन्दै उनीहरु बाहिरिए । तर उनीहरु फर्केनन् । म त बम्बइ पो ल्याइपुऱ्याईएको रहेछु । मेला हेर्न घरबाट निस्केकी म बम्वइमा बेचिसकेको कुरा चाल पाउँदा ममा शून्यता छायो । आखिर यो के भइरहेको ठम्याउनै सकिन । बुबा आमा सम्झेर रोएँ, कराएँ चिच्याएँ । म त्यहाँ निसासिएँ । कसैलाई पनि म निर्दोर्ष वालिकाप्रति दया जागेन । मलाई नरकमा धकेलियो ।

साहुनि दिनहुँ पिट्थिन ग्राहकलाई सन्तुष्टि दिन नसकेको भन्दै । एक भित्ताबाट अर्को भित्तामा बजार्थिन् मेरो टाउकोलाई । लठ्ठि भाचिने गरि कुट्थिन । एक पटक साहुनी ले सर्वाङ्ग नाङ्गै पारी

निस्केर जा भनिन तर त्यस्तो नाङ्गो अवस्थामा म कसरी वाहिर निसकन सक्थे र ? सबै पिडा सहेर आँशुको धारा बगाउँदै राक्षशरूपी ग्राहकाहरुको पापी भोक मेटाउदै मेरा दिनहरु वित्दै थिए । कयौ पटक म अचेत अवस्थामा पुग्दा समेत ती राक्षसहरुले मेरो शरीर लछ्न छोडेनन् । आफ्नो गाउँ, साथी सँगी, बुबा आमालाई सम्झेर नरोएको दिन थिएन । भाग्यवश भन्नु पर्छ सन १९९६ मा प्रहरीले म काम गर्ने ठाउँमा छापा मा-यो र ७–८ महिनाको मेरो नारकीय जीवनबाट मैले मुक्ति पाएँ । त्यसबेला म निकै खुशी भएको थिएँ । इण्डियाकै एक संस्थामा हामीलाई लगेर राखियो । त्यहा ६–७ महिना बिताइयो । वास्तवमा त्यहाँ हामीलाई त्यति राम्रो व्यवहार गरिएन । नेपाल सरकार ले हामीलाई नेपाली भएको कुनै प्रमाण नभएको कारण देखाउँदै नेपाल फर्काउन खोजिरहेको थिएन । त्यस्तो स्थितिमा नेपाल स्थित ७ वटा गैर सरकारी संस्था हरूको पहलमा म आफ्नो देश फर्कन सफल भए । ए.वि.सि. संस्थाले हामीलाई मनोविमर्श सेवा दियो । एच.आई.भी. सम्वन्धी तालिम पनि दियो । मलाई पनि एच.आई.भी. भएको हुन सक्छ भन्ने आकलन गरे मैले । न भन्दै मेरो आकलन यथार्थमा परिणत भयो । बम्बइमा छँदा मर्न चाहे तर सकिन । अब म आफ्नो देशमा थिए । स्वतन्त्र थिए । म बाँच्न चाहिरहेको थिए । तर विडम्वना एच.आई.भी. ले मलाइ मारिरहेको थियो । यसरी जीवन पुन पिडादायी बन्यो। म रोएँ । जीवनदेखि निराश भए । आफु जस्तै दिदी बहिनीहरुलाई देखेर जीवनको कटु सत्यलाई स्वीकारे । हाँस्ने प्रयास गर्न थाले । मेरा आफन्त मलाई लिन आए र म गाउँ फर्के ।

मलाई बेच्नेहरु पक्राउ परेर पनि छुटेको कुरा चाल पाएँ । उनीहरु गाउँमै निर्धक्क घुमिरहेका थिए । पुलिस थानामा गएर मैले उजुरी पनि दिएँ । पुलिसले मेरो कुरामा त्यति चासो दिएन । फेरी म बम्वइमा बेचिएकी र मलाई एच.आई.भी. संक्रमण भएको कुरा गरि हिड्दा गाउँमा बसिनसक्नुको भेदभाव, हिंसा र दर्व्यवहार हुने देखेर ती पापीहरुको विरूद्धमा म लाग्न पनि

सकिन । सामाजिक बहिस्कारको भएले आफू एच.आई.भी. संक्रमित भएको कुरा आफैंमा सिमित राखे । घरमै खेतीपाती गरि बसे । यसरी १० वर्ष बिते । जीवन छोटीइरहेको कुराले मनमा डेरा जमाएको थियो । समाजलाई केहि योदान पुऱ्याएर मर्ने इच्छा पलायो । एच.आई.भी., बेचविखन जस्ता समस्या गरिवी, अज्ञानता र बेरोजगारीका उपज हो भन्ने मेरो बुझाई छ । समाजलाई यी समस्याहरुको चपेटाबाट जोगाउने अभियानमा मेरो अनुभव अमूल्य हुनसक्छ  भन्ने लाग्यो र यस अभियानमा सम्पूर्ण जीवन खर्चिन म २०६३ सालमा काठमाडौं आए । ए.बि.सि. नेपाल संस्था हुँदै शक्ति मिलन समाज आईपुगे शक्ति मिलन समाजमा कर्मचारीको रूपमा काम गर्दै आएको छु । समय समयमा संस्थामा आर्थिक स्रोत सकिदा लामो समयसम्म बेरोजगार भइन्छ । हातमुख जोड्न धौ धौ पर्छ । तर शक्ति मिलन समाजको सहयोगले जसोतसो गुजारा गर्दैछु । यसै संस्थाको सहयोगमा मैले पढाइलाई पनि निरन्तरता दिइरहेको छु ।

म जस्ता दिदी बहिनीहरुलाई हौसला, माया र अवसरको खाँचो छ । जुन शक्ति मिलन समाजले दिदै आएको छ । सिङ्गो समाज र राज्यले शक्ति मिलन समाजको जस्तो जिम्मेवारी वहन गनुपर्ने आजको आवश्यकता देखिन्छ । अन्यथा बेचविखन र एच.आई.भी. को महामारीले सिङ्गो राष्ट्रलाई गालीरहने छ ।

# कहिले आँसु, कहिले हाँसो

चन्द्रा वि. क.

मेरो नाम ....... हो । मेरो जन्म २०३३/२/११ गते दैलेख जिल्लाको पाचला भन्ने ठाउँमा भएको हो । ७ वर्षसम्मको बाल्यकाल त्यही गाउँमा बित्यो । २०३९ सालमा हाम्रो परिवार तराईको कैलाली बसाइँसरी आयो । हाम्रो सानो परिवार खुशीको संसार थियो । त्यहींको स्कूलमा हामी २ दिदी बहिनीको भर्नागरी पढाईको क्रम अघि बढ्यो । भाग्यको खेल भनौं वा दैवको स्राप वा छोरी भएर जन्मेको सजाय २०४० सालमा त्यही गाउँको केटासँग समाजलाई साक्षी राखेर बुवाले मेरो मँगनी गरिदिनु भयो । समाजमा खानदान हेरिन्छ । व्यक्तिको आचरण हेरिंदैन । जीवन खानदानसँग हैन व्यक्तिसँग बिताइन्छ । त्यो हाम्रो समाजले कहिल्यै सोच्दैन । र म कक्षा ७ मा पढ्नेबेला मेरो श्रीमानको घरबाट विवाहको कुरा आयो । तर मेरो बुवाले छोरी सानै छ, पढ्दैछ भनी प्रस्ताव अस्वीकार गरिदिनुभयो । श्रीमानको परिवार केही कुरा नै नगरी घर फर्किए । तर श्रीमान हाम्रो घरमा बस्न थाल्नुभयो । र म ९ कक्षामा पास गर्ने बेलासम्म हाम्रै घरमा बस्नुभयो । समाजले हाम्रो कुरा काट्नथाले । म बाध्य भएर २०५० सालमा विवाह बन्धनमा बाँधिएँ । त्यही दिनदेखि मेरा दुःखका दिनहरू शुरू भए ।

विवाहको १ महिनामा नै श्रीमानले सौता भित्र्याउनु भयो । अनि आफू बम्बई जानुभयो । सानै उमेरमानै घर परिवारको शासन, सौताको पीडा सहँदै बसें । तर त्यो केटी त्यो घरको जहानियाँ शासनमा धेरै बस्नै सकिन । ४ महिनापछि अर्को ठाउँगई । म भने आँसु पिउँदै बसें । २०५१ सालमा टेष्ट पास गरें । एस. एल. सी. को परीक्षा दिने बेला श्रीमान मुम्बईबाट फर्किनु भयो ।

पढाइ र श्रीमानबीच एउटालाई छान्नुपर्दा मैले श्रीमानलाई रोजें र श्रीमानसँग मुम्बई गएँ । यसरी कहिले मुम्बइ कहिले घर, कहिले आँसु, कहिले हाँसो गढै दिनहरू बित्दै थिए । २०५७ सालमा श्रीमानले अर्को विवाह गर्नुभयो । शायद भगवानले मलाई ठगेर होला ७ वर्षसम्म मेरो बच्चा जन्मिएन । आफूले बच्चा जन्माउन नसकेकोले भाग्यलाई दोष दिंदै घरको जहानियाँ शासन , श्रीमानको मानसिक र शारिरीक यातना सहँदै बसें । घरको कडा शासनले गर्दा त्यो केटी पनि ४ महिनामा घर छोडेर गई । २०५७ सालमा फेरि म र श्रीमान मुम्बइ गयौं । त्यहाँ काम गर्ने ठाउँका  मालिकहरू राम्रा थिए । मैले उपचार गर्ने मौका पाएँ । पाठेघरमा केही समस्या देखियो । अनि अप्रेशन गर्नुपर्नेभयो । अप्रेशनको सबै प्रक्रियाहरू पूरा भएपछि मेरो ज्ह्क्ष्ख जाँच गरियो । श्रीमान र घरपरिवारको मायाबाट वञ्चित भएतापनि एउटा सन्तानको चाहनाले मलाई धेरै हौसला दिएको थियो । तर दुर्भाग्यवश मेरो रिपोर्टमा ज्ह्क्ष्ख देखियो । श्रीमानले मलाई यो कुरा कसैलाई पनि नभन्नु भन्दै दबाव दिन थालेपछि मैले पनि सबैबाट यो कुरा लुकाएँ । यसरी विवाह गरेको पनि १५ वर्ष बित्यो । फेरि २०६४ सालमा मेरो जीवनमा हुरीबतास आयो । श्रीमानले गाउँकै केटीसँग तेस्रो विवाहगरी मुम्बइ लानुभयो । मेरा सारा सपनाहरू चकनाचूर भए । सबैले मलाई बाँझी भनेर दोष दिन थाले । त्यस कारणले मलाई आत्महत्या पनि गर्न मन लाग्थ्यो । अनि मैले ज्ह्क्ष्ख को उपचार कसरी गर्न सकिन्छ भनेर खोज्न थालें । यसै क्रममा नव जीवन एकता समाज भन्ने संस्थासम्म पुगें । र मैले परामर्श र उपचारको सेवा पाएँ । त्यसैक्रममा त्यस संस्थाका अध्यक्षज्यूले मलाई शक्ति मिलन समाजमा जानका लागि सोध्नुभयो र २०६४ सालमा म र अन्य ३ जनालाई काठमाडौंको गाडी चढाइदिनुभयो  । अरू साथीहरू  गाडीमा रमाउँदै कुरा गर्दै, हाँस्दै यात्रा गरिरहेका थिए तर म भने यात्रा विहीन जिन्दगीलाई सम्झर्दै आँसुका ढिका खसाल्दै दुई दिनको यात्रापछि काठमाडौंको शक्ति मिलन समाजमा आइपुगे ।

शक्ति मिलन समाजमा धेरै माया, सहयोग तथा परामर्श पाएँ । जीवनमा केही नयाँ आशा पलायो । त्यहाँबाट ६ महिने पुस्तकालय सम्बन्धि र एक वर्षे प्रेस सम्बन्धि तालिममा मलाई पठाइयो । मैले दाया बायाँ केही नसोची तालिममा मन लगाएँ । दोश्रो श्रेणीमा उत्तिर्ण पनि गरे । अरू साथीहरू तालिमपछि घर फर्किए । तर म प्रेसमा काम गर्न थालैं । काम राम्रै चलेको थियो । तर तलब कम भएकोले घर चलाउन अलि अप्ठेरो परेको थियो । तर पछि मैल शक्ति मिलन समाजकै छात्रावासमा होस्टेल सुपरभाइजर को रूपमा काम गर्ने अवसर पाएँ । शक्ति मिलन समाजले जन्म दिने आमा बुवा, श्रीमान र परिवारले दिन नसकेको माया तथा साहस दिई मलाई अगाडि बढ्न र आँसु पुछ्री हाँस्न सिकायो । अहिलेसम्म मेरो जीवनमा नयाँ बिहानी आए, त्यो सबै शक्ति मिलनकै देन हो । १५ वर्षसम्म परिवार बाट नपाएको माया र साथ पाएकी छु । माया र स्नेहको पोखरी जस्तै शक्ति मिलन समाज जस्तोसुकै खडेरीमा पनि कहिल्यै सुक्ने छैन भन्ने आशाका साथ धन्यवाद दिंदै म मेरो जीवन कथा यही टुङ्ग्याउछु ।

# मेरो बा आइपुग्नु भएकै थिएन

नानीछोरी धेके

मेरो नाम नानी प्रजापति हो । मेरो जन्म ललितपुरको एउटा सानो गाउँमा भएको हो । पारम्परिक नेवार परिवारमा जन्मे र हुर्केकी मैले विद्यालयको शिक्षा हासिल गर्न पाइन । २० वर्षको उमेरमा आफूभन्दा २ वर्ष जेठा पुरूषसँग मेरो विवाह भयो । मेरो श्रीमान ले गाडी मेकानिकको काम गर्नुहुन्थ्यो । उहाँ बेला बेलामा भारत जाने गर्नुहुन्थ्यो । शायद भारतमा उहाँको कुनै केटीसँग उठबस थियो होला । ५ वर्षको अन्तरालमा मेरा २ छोरा र १ छोरीको जन्म भइसकेको थियो । हामी मेरो श्रीमानका दाजुभाइ तथा आमा बुवाहरूसँग नै बस्थ्यौं । कान्छो छोरा काखमा नै हुँदा मेरा श्रीमान नराम्रो सँग बिरामी पर्नुभयो । रगत जाँच गरेपछि वहाँलाई एच.आइ. भी. संक्रमण छ भनेर हामी सबैलाई थाहा भयो तर हामी कसैलाई पनि यो सरूवा रोग हो भनेर थाहा थिएन । हाम्रो १३ दिनको काम भइरहेको बेलामा मेरो पनि रगत जाँच गर्नुपर्छ भन्ने कुरा भयो । १३ दिनको काम सम्पन्न भएपछि मेरो रगत जाँच गर्दा म पनि संक्रमित भएको भएको कुरा थाहा भयो । मलाई सबै भन्दा पहिले मेरा छोरा छोरीको सम्झना आयो । उनीहरूलाई पनि संक्रमण भएको भए के गर्ने होला भनेर आत्तिएँ । तर भगवानको कृपाले मेरा तीनै जना छोरा छोरीलाई संक्रमण छैन रहेछ । त्यति बेला सम्म हामी सबैलाई यो सरूवा रोग हो भनेर थाहा भइसकेको थियो । त्यसपछि त मलाई मेरो आफ्नै घरमा बस्न पनि नसक्ने जस्तै भएसकेको थियो । मलाई एउटै भाँडामा खाना खान नदिने र घरमा पनि राख्न नहुने जस्तो गर्न थाले । त्यस्तो वातावरण

मलाई बस्न साह्रै गाह्रो भयो । त्यहीभएर आफ्ना तीनै जना बच्चाहरूलाई लिएर घरबाट निस्केर बहालमा बस्न थाले ।

मेरो दुःख देखेर माइतबाट मेरो बा लिन आउनुभयो र म माइतमानै बस्नथालें । म एक वर्ष जति माइतमा नै बसें र बा आमा ले मात्र माया गरेर नहुने रहेछ , भाइ बुहारीहरूले यस्तो त्यस्तो भन्न थाले । त्यही दौरानमा म टेकु हस्पिटल जान्थें । मैले त केही पनि बुझ्थिन , त्यस बेला मेरो बा ले मलाई धेरै सहयोग गर्नुभयो । १ दिन त मेरो रगत जाँच गर्नुथियो तर म सँग एक पैसा पनि थिएन , काउण्टरबाट मेरो नाम बोलाइरहेको थियो तर मेरो बा आइपुग्नुभएकै थिएन । म चाँहि पैसा नभएकोले रूँदै बसिरहेको थिएँ । त्यसबेला मैले शक्ति मिलन समाजको एक जना बहिनीबाट धेरै सहयोग पाएँ । त्यसपछि मैले शक्ति मिलन समाजको सदस्यता लिएँ । संस्थासँग आबद्ध भएपछि मैले बिस्तारै कुराहरू बुझ्न थाले, नेपाली नै नबुझ्ने मैले नेपाली बोल्न थालें । मेरो बाले मलाई खेत बहालमा लिएर तरकारी खेती गर्नुपर्छ भनेर प्रेरणा दिनुभयो । मेरो पनि शारीरिक स्थिति राम्रै भएकोले मैले २ रोपनी खेत बहालमा लिएँ । त्यसको लागि मैले शक्ति मिलन समाजबाट ४००० रूपैयाँ आय आर्जन सहयोग लिएँ । त्यति बेला ममा आत्मविश्वासको कमी भएको भान भएको थियो । त्यो ४००० रूपैयाँ पनि फर्काउन सक्छु कि सक्दिन भन्ने थियो । जेन तेन गरेर मैले तरकारी खेती गर्न थालें । शक्ति मिलन समाजमा आएपछि आफ्ना अधिकारहरू बुझ्न थालेपछि शक्ति मिलन समाजकै सहयोगमा श्रीमानको सम्पत्तिको लागि मुद्धा दायर गरें । फलस्वरूप मैले जितें र केही जमिन हासिल गर्न सफल भएँ । तरकारी खेती पनि सफल हुँदै गएपछि व्यापार पनि फस्टाउँदै गयो । त्यसपछि मैले काठमाण्डौमा दुइ तले घर किनें । घरको भाडा र तरकारी व्यवसायले अहिले मेरो राम्रो आय आर्जन हुँदैछ । छोरा छोरीलाई पनि पढाउँदैछु । अहिले म आफ्नो जीवनसँग सन्तुष्ट नै छु । यसको सारा श्रेय शक्ति मिलन समाजलाई नै जान्छ । संक्रमण भएपछि मेरो जीवन नै अन्धकार भयो जस्तो भएको थियो ।

तर शक्ति मिलन समाजसँग सम्पर्क भएपछि मेरो जीवनमा आशाको किरण आएको छ । अब मेरा छोराछोरीले उच्च शिक्षा हासिल गरून् भन्ने नै मेरो कामना रहेको छ ।

# गरिबीको उपहार

सीता सापकोटा

म सीता सापकोटा (नाम परिवर्तन), घर गुल्मी, धुरकुट । घरको आर्थिक अवस्था नाजुक भएकोले श्रीमान्‌कामको खोजीमा भारत जानुभएको थियो । घरको खेतीपाती र ढुई सन्तान एक छोरा र एक छोरीको स्याहार सुसारमै दिनहरू बित्थये । अनि श्रीमान्‌को सम्झनाले सधैं पिरोलिन्थ्यें । वहाँसँग भेट नभएको पनि ६/७ वर्ष भैसकेको थियो ।

अचानक श्रीमान् बिरामी भएर गाउँ फर्किनु भयो र उपचारको क्रममा स्वर्गवास हुनुभयो, हामीलाई बेउसाहारा बनाएर घरका मान्छे र गाउँलेहरूले वहाँको मृत्युलाई लिएर मलाई बोक्सीको आरोप लगाए, यातना र बेइज्जतीको शिकार बनाएँ । अन्ततः म एक्ली हेलित बेसाहारा महिला ढुई नाबालक छोराछोरीका साथ गाउँ छोड्न बाध्य भएँ । म अनविज्ञ थिएँ । कहाँ जाने, के गर्ने र कसरी छोरा छोरीको रेखदेख गर्ने ।

छोराछोरीको उचित स्याहार सुसार र उज्जवल भविष्यको लागि जस्तो सुकै संघर्ष गर्ने मनस्थितिका साथ काठमाडौं हानिएँ र घरेलु कामढारको रूपमा काम गर्न थालें । अझ राम्रो अवसर खोज्ने क्रममा वैदेशिक रोजगारीमा जाने निर्णय गरें । यसैक्रममा रगत परिक्षण गर्दा आफूमा एच.आई.भि भाइरस भएको कुरा चाल पाएँ । मनमा आँधीहुरी चल्यो, सपनाहरू सिसाझैं चकनाचुर भएँ, म गलें र सिथिल भएँ मानौं कि मेरो संसार तहस नहस भयो ।

कालको छायाँले हरहमेशा पछ्याइरहेको भान हुन्थ्यो । एकातिर मृत्यको भय र अर्कोतिर छोराछोरीको भविष्यको चिन्ताले म

जीउँदो लाश भएको थिए । केहि चिनजान व्यक्तिहरूको सहयोगमा छोराछोरीलाई अनाथ आश्रममा राख्न सफल भएँ । समाजमा अपहेलित हुने भयले एच.आई.भि संक्रमणको कुरा आफूमै दबाई राखें ।

एच.आई.भि. संक्रमण श्रीमान्को कारणले भयो र यो विनाकसुरको सजायको बन्दी हुनुपरेकोमा वहाँलाई मैले सक्नेजति घृणा गरैं तर पछि मेरो वहाँप्रतिको हेर्ने दृष्टिकोण परिवर्तन हुन थाल्यो आखिर वहाँ पनि त परिवार पाल्ने र छोराछोरीको उज्जवल भविष्यको सुन्दर सपना बोकेर विदेशी अपरिचित दुनियाँमा पसिना बगाउन जानु भएको थियो । लामो समयसम्म घर बाहिरको बसोबास, एच.आई.भि भाइरस सम्बन्धि अज्ञानता र शारीरिक आवश्यकताले वहाँलाई यस महामारीको भूमरीमा धकेलेको थियो । निश्चित रूपमा हाम्रो गरीबी नै एच.आई.भि. संक्रमणको दोषी हो । त्यसैले हाम्रो देशको विद्यमान गरिबीको समस्यालाई निवारण नगरि यस महामारीको यात्रालाई पूण विराम लगाउन सकिदैन भन्ने निष्कर्षमा म पुगेको छु ।

टिचिङ्ग हस्पिटलमा परामर्श लिने शिलशिलामा शक्ति मिलन समाजका दिदी बहिनीहरूसँग भेट भयो र शक्ति मिलन समाजले संचालन गरेको आपतकालीन केन्द्रमा बसेर थप उपचार र परामर्श लिएँ । त्यहाँ सेवा लिइरहेका आफू जस्तै अन्य संक्रमित महिलाहरू खुशीसाथ बसेको देख्दा मलाई हौसला मिल्यो । शक्ति मिलन समाजको अमूल्य सहयोगले आज मैले नयाँ जीवन पाएको छु र जीवनमा पुन उज्यालो छाएको छ । जीवनप्रती पुन उत्साहित भएको छु र केहि गर्ने संकल्प बोकेको छु । यसै संस्थाले संचालन गरेको इ.जे.ए.एफ होस्टेलमा सह–वाडेनको रूपमा जागीरे पनि भएको छु ।

आज म साँच्चिकै खुशी छु र आफु जस्तै महिलाको हकहितको लागि शक्ति मिलन समाज सँग हातेमालो गर्दै अघि बढ्ने सोच बनाएको छु ।

# मेरो बुझाई

विशाल राई

म, विशाल राई, उमेर ...... वर्ष, स्थायी घर विराटनगर र हाल आमा र बहिनीसँग काठमाडौं बस्दै आएको छु । एक वर्ष अघि दैवले मेरी दिदीलाई चुडेर लग्यो । बितेको समय सम्झदा कहालि लाएर आउँछ । आजको हाम्रो अवस्था हिजोको हाम्रो कल्पना भन्दा बाहिरको छ । आज हामी पुन जीवनप्रति आशावादी भएका छौं ।

बुवा सवारी चालक हुनुहुन्थ्यो । वहाँ इन्डिया जाने आउने गरिरहनुहुन्थ्यो । हामी सार्नै छँदा अज्ञात रोगका कारणले बुबाको मृत्यु भयो । धैरैपछि थाहा भयो वहाँको मृत्यु एच.आई.भि/एड्सको कारणले भएको रहेछ । आर्थिक स्थिति ज्यादै कमजोर भएकोले आमालाई हामी तीन सन्तानको स्याहार सुसार गर्न ज्यादै कठिन भएको कुरा मेरो मानसपटलमा अझै पनि ताजा छ । आमाले स्कूलमा काम पाएपछि हाम्रो जीवनले थोरै भएपनि राहतको अनुभू तिगर्न पाएको थियो । एक्कासी आमा लामोसमयसम्म बिरामी पर्नु भयो र उपचारको दौरानमा थाहा भयो कि वहाँमा पनि एच.आई.भि संक्रमण छ भन्ने कुरा । संक्रमण भएको कुरा आमाले हामीबाट लुकाउनु भयो । एच.आई.भि संक्रमणलाई वहाँले मृत्युको पर्यावाचीको रूपमा लिनुभएको थियो एकातिर मृत्युको भय र छोराछोरीको चिन्ता अर्कोतिर स्कूलको जागीरबाट संक्रमणकै कारणले निकालिनुपरेपछि हाम्रो जीवनमा फेरि बज्रपात बर्जियो, जीवन ज्यादै कष्टप्रद बन्यो ।

आमा ठूली दिदीलार्य साथमा लिएर उपचारका लागि गन्तव्यहिन यात्रामा काठमाडौं लाग्नुभयो । सहयोगको आशामा विभिन्न

संघ–संस्थाहर चहार्दै अन्ततः वहाँ शक्ति मिलन समाजको ढोका ढक्ढक्याउन पुग्नुभयो र त्यहाँबाट हाम्रो अर्थपूर्ण जीवनको सुरूवात भयो । आमाले म र सानी बहिनीलाई काठमाडौं ल्याउनुभयो । रात पछि दिन भनेझै शक्ति मिलनको साथले हाम्रो जीवनको घाउमा मलपट्टि गर्ने काम गर्‍यो ।

यसै संस्थाको सहयोगले मैले पढाइलाई निरन्तरता दिइरहन सकेको छु । हाल म कक्षा १२ मा अध्ययनरत छु । शक्ति मिलन समाजले म जस्ता धेरैलाई शिक्षाको लागि सहयोग गर्दै आएको छ । यस संस्थाले एच.आईभि. संक्रमित एवं प्रभावित बालबालिकाको लागि "बाल क्लब" संचालन गरेको छ । हामी यस क्लबमा हामीले भोग्र्द आएका समस्याहरूको छलफल गर्छौं र समाधानको उपाय निकाल्छौं । त्यसैगरि व्यक्तित्व विकासका विभिन्न कार्यक्रम संचालन गर्छौं जसले हामीमा लुकेर बसेको प्रतिभा प्रस्फुटन गर्न मद्धत गर्छ । म यस क्लबमा कोषाध्यक्षको रूपमा कार्यरत छु ।

आमा यसै संस्थाको कर्मचारी पनि हुनुहुन्छ । वहाँको उमेर ढल्कदै छ र वहाँलाई भाइरसले गाल्दै छ । आफू केहि आय आर्जनमूलक काममा लागि आमालाई आराम गर्ने वातावरण बनाउने ठूलो धोको छ । यसका लागि म ज्यादै हतारिएको छु । कामको खोजीलाई तीब्र पारेको छु । दूर्भाग्यवश यसमा म सफल हुन सकिरहेको छैन ।

शायद सानै उमेरदेखि जीवनको उतार–चढावलाई झेल्दै, संघर्ष गर्दै आएको भएर होला उमेर अल्लारे भएतापनि ममा परिपक्कता आउको महशुस गर्दछु । देशमा ठूलो धन राशि यहि महामारीको लडाइमा खर्चिन भित्रिरहेको छ । तर संक्रमितद्धारा संचालित तथा संक्रमितकै हकहितमा लागिपरेको शक्ति मिलन समाज जस्ता संस्थाले न्यायोचित सहयोग नपाइरहेको देख्दा म आफूतिर प्रश्नहरूको लामालस्कर तेर्साइरहेको हुन्छु ।

मैले म जस्ता धेरै एच.आई.भि. संक्रमित एवं प्रभावित बालबालिकाहरू र मेरी आमाजस्ता धेरै संक्रमित महिलाहरू

शक्ति मिलन समाजको दैलोमा सहयोग र अवसरको आशा राखी पर्खिबसेको देखेको छु । पहिले उनीहरू समाजबाट तिरस्कृत र हेलित भए र आज योअवस्थामा ल्याइपुऱ्याए । यस अवस्थामा पुग्दा पनि सहयोगको आशा जीउँदै राख्दै अरू सरह जीवन बाँच्ने उनीहरूको इच्छा जीवीतै त । मलाई थाहा छ अझ पनि उनीहरूको आशा केबल आशामै सीमित हुनेछ किनभने उनीहरूको हकअधिकारको वकालत गर्ने भनाउँदाहरूको काम केबल भाषण शब्द र कागजे खोष्टोमै सीमित भएको उदाहरणहरू प्रशस्तै भेटिन्छन् । त्यसैले म वास्तवमै केहि बुझ्ने भउको छु । म बुझ्छु हाम्रो नाममा हुने पर्दा पछाडिको खेलहरू । अन्यायले पराकाष्ट नाघिसकेको छ । यसैले शक्ति मिलनसँग हातेमालो गर्दै समाज र सम्बन्धित सरोकारवालाहरूले लादेको अन्यायलाई सहि अर्थको पूर्ण विराम तेर्साउन म दृढ भएर लाग्ने प्रढ गरेको छु ।